संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ ६ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्णबहादुर खड्काले अवरुद्ध सदन सुचारु गर्ने विषयमा सरकारबाट भएको पहलकदमीमा सम्माननीय सभामुख लगायत सदनमा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका नेताहरुको निरन्तरको प्रयासबाट सहमति भएको जानकारी गराउनु हुँदै मिति २०८० साल श्रावण २ गते विदेशबाट अवैध ढंगले भएको सुन तस्करी सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरोले निष्पक्ष अनुसन्धान र छानविन गरी सुन तस्करीमा संलग्न व्यक्तिहरुलाई अभियोजन गर्ने र इलेक्ट्रिक सिगरेट तथा ब्रेक सुमा राखी पटक पटक तस्करी भई मुलुक भित्र आउने गरेको सुनको स्वतन्त्र र निष्पक्ष छानविन एवं नियन्त्रण गर्न मौजुदा कानूनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र सो सम्बन्धमा भएका अनुसन्धानको समेत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम २०८०/०६/०५ गते नेपाल सरकारले आयोग गठन गर्ने सम्बन्धमा राजनीतिक दलहरुबीच भएको दुईबुँदे सहमति सम्बन्धमा सभामा जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री शंकर भण्डारी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री अब्दुल खान
८. मा० श्री सर्वेन्द्रनाथ शुक्ला
९. मा० श्री गंगाराम चौधरी
१०. मा० श्री चित्र बहादुर के.सी.
११. मा० श्री रामहरि खतिवडा
१२. मा० श्री गोकुल प्रसाद वास्कोटा
१३. मा० श्री हितराज पाण्डे
१४. मा० श्री तेजुलाल चौधरी
१५. मा० श्री महेश कुमार वर्तौला
१६. मा० श्री प्रदिप पौडेल
१७. मा० श्री ऋषिकेश पोखरेल
१८. मा० श्री रामनाथ अधिकारी
१९. मा० श्री राजेन्द्र बजगाई
२०. मा० श्री कान्तिका सेजुवाल
२१. मा० श्री ऐन बहादुर शाही ठकुरी

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यू संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको मुख्यालय इटलीको रोममा आयोजना हुने **United Nations Food Systems 2023 Stocktaking Moment** मा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सहभागी हुन सम्वत् २०८० साल साउन ६ गते शनिबार त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/६

(डिल्ली राम शर्मा)
सचिव

(ख) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | ऐन संख्या | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | ५ | मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० | २०८०/०४/१२ |

मितिः २०८०/०४/१२

(डिल्ली राम शर्मा)
सचिव

(ग) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा सम्वत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा सम्वत् २०८०/४/२९ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति, हेरफेर र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | |
| २. | श्री पूर्णबहादुर खड्का | उपप्रधानमन्त्री | रक्षा |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | गृह |
| ४. | डा. बेदुराम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| ५. | श्री धनराज गुरुङ | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| ६. | श्री अशोककुमार राई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ७. | श्री शरतसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ८. | डा. प्रकाशशरण महत | मन्त्री | अर्थ |
| ९. | श्री महिन्द्र राय यादव | मन्त्री | खानेपानी |
| १०. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | उर्जा, जलस्रोत तथा सिँचाइ |
| ११. | श्री नारायण प्रकाश साउद | मन्त्री | परराष्ट्र |
| १२. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १३. | श्री मोहन बहादुर बस्नेत | मन्त्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १४. | श्री सुदन किराती | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १५. | श्री प्रकाश ज्वाला | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १६. | श्री रञ्जिता श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १७. | श्री रमेश रिजाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १८. | श्री सीता गुरुङ्ग | मन्त्री | शहरी विकास |
| १९. | श्री डिगबहादुर लिम्बु | मन्त्री | युवा तथा खेलकुद |
| २०. | श्री सुरेन्द्र राज आचार्य | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| २१. | श्री वीरेन्द्र प्रसाद महतो | मन्त्री | वन तथा वातावरण |
| २२. | श्री अनिता देवी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| २३. | श्री सुशिला सिर्पाली ठकुरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| २४. | श्री नन्दा चपाई | राज्यमन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| २५. | श्री प्रमिला कुमारी | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |

(डिल्लीराम शर्मा)
मितिः २०८०/०४/३० सचिव

तत्पश्चात सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो।

(क) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद थाइल्याण्डको बैंककमा आयोजना हुने बिमस्टेक परराष्ट्र मन्त्रीहरुको रिट्रिटमा भाग लिन मिति २०८०/३/३१ मा त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

मितिः २०८०/३/३१ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ख) माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महत भारतको गुजरातमा आयोजना हुने भारतलगायत विश्वका अन्य विकसित र विकासशील मुलुकहरुको समूह **(G20)** को तेस्रो अर्थ मन्त्रीस्तरीय बैठकमा सहभागी हुन मिति २०८०/३/३१ मा त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

मितिः २०८०/३/३१ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ग) माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत व्यक्तिगत कामको सिलसिलामा मिति २०८०/३/२९ मा बेलायततर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/३/३१ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(घ) माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसाल इटलीको रोममा आयोजना हुने **United Nations Food Systems 2023 Stocktaking Moment** कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले नेतृत्व गर्नुहुने प्रतिनिधिमण्डलको सदस्यको रुपमा सहभागी हुन संवत् २०८० साल साउन ६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/५ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ङ) माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला जापानमा आयोजना हुने **Japan International Cooperation Agency (JICA) Official** सँगको उच्चस्तरिय बैठकमा सहभागी हुन संवत् २०८० साल साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/५ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(च) माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो निजी कामको सिलसिलामा संवत् २०८० साल साउन ५ गते भारतको नयाँ दिल्लि जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/५ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(छ) माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत संयूक्त अरब इमिरेट्सको अबुधावीमा हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आई.एस.ए.) को क्षेत्रीय समितिको पाँचौं बैठकमा सहभागी हुन संवत् २०८० साल साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/७ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ज) माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ संयूक्त राज्य अमेरिकाको सिकागोमा **Non Resident Nepali Association National Coordination Council** (एनआरएन-अमेरिका) को १२ औं वार्षिक साधारण सभामा प्रमुख अतिथिको रुपमा सहभागी हुन संवत् २०८० साल साउन १२ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/१२ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(झ) माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई चीनको कुनमिङमा सञ्चालन हुने **7th China-South Asia Expo** र **27th China (Kunming) Import and Export Fair** एवं **4th STI Forum** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल साउन २९ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/२९ (बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ञ) माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महत क्यानाडाको भ्यानकुभरमा आयोजना हुने विश्व वातावरण सुविधाको सातौं सभा तथा सम्बन्धित बैठकहरुमा सहभागी हुन संवत् २०८० साल भदौ ३ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/५/५

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम निम्नलिखित समितिमा माननीय सदस्यहरुको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

| क्र.सं. | मा० सदस्यको नाम | समिति |
|---|---|---|
| १. | मा० श्री अमनलाल मोदी | सार्वजनिक लेखा समितिमा |
| २. | मा० श्री नागिना यादव | अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |
| ३. | मा० श्री संगिता मण्डल धानुक | अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा |
| ४. | मा० श्री सोनु मुर्मु | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा |
| ५. | मा० श्री किरण कुमार साह | कानून, न्याय तथा मानवअधिकार समितिबाट महिला तथा सामाजिक मामिला समितिमा |
| ६. | मा० डा० शशांक कोइराला | कानून, न्याय तथा मानव अधिकार समितिबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा |
| ७. | मा० श्री रामहरि खतिवडा | कानून, न्याय तथा मानव अधिकार समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा |
| ८. | मा० श्री रुपा सो. शी. चौधरी | कानून, न्याय तथा मानवअधिकार समितिबाट कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा |
| ९. | मा० श्री अब्दुल खान | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा |
| १०. | मा० श्री बिमला सुवेदी | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट कानून, न्याय तथा मानवअधिकार समितिमा |
| ११. | मा० श्री योगेश गौचन थकाली | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा |

तदुपरान्त सम्माननीय सभामुखले गजेन्द्र बुढाथोकी समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी केशव दुलाल समेत भएको ठगी, लिखत किर्ते, राज्य विरुद्ध तथा संगठित अपराध सम्बन्धी मुद्दाको अनुसन्धानको क्रममा मिति २०८०/०१/३१ गते पक्राउ पर्नुभएका प्रतिनिधि सभा सदस्य टोपबहादुर रायमाझी समेत उपर काठमाडौं जिल्ला अदालतमा मिति २०८०/०२/१० गते दायर भएको मुद्दामा प्रतिवादी टोपबहादुर रायमाझीलाई काठमाडौं जिल्ला अदालतको मिति २०८०/०३/०१ गतेको आदेशले पुर्पक्षका लागि हाल केन्द्रीय कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा रहेको व्यहोरा जिल्ला प्रहरी परिसर, अपराध अनुसन्धान महाशाखाको प.सं.०८०/०८१, च.नं. ५७१ मिति २०८०/०४/१२ गतेको पत्रबाट लेखि आएको हुँदा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (३) को प्रयोजनको लागि सदनलाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोको प.सं. २०८०/०८१, च.नं. १११८, मिति २०८०/४/२५ को पत्र मार्फत कतिपय चिकित्सकहरुले भारतीय नक्कली प्रमाण पत्रहरु पेश गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको तथा काउन्सिलद्वारा सञ्चालन गर्ने दर्ता प्रमाणपत्र परिक्षामा सहभागी भएको पाइएकोले कानून बमोजिम गरिपाउँ भन्ने समेत व्यहोराको नेपाल मेडिकल काउन्सिल बाँसबारीबाट सूचना प्राप्त भएको र शैक्षिक प्रमाणपत्र प्रमाणीकरण सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डको पत्रबाट आइ.एस.सी. तहको सुनिल कुमार शर्माको कैफियतमा अपुष्टित **(Not Verified)** भनी लेखी आएको सन्दर्भमा शैक्षिक योग्यताको प्रमाणपत्र कीर्ते गरेको कसुरमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नुपर्ने भएकोले जिल्ला मोरङ क्षेत्र नं. ३ बाट नेपाली काँग्रेसका तर्फबाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुनिल कुमार शर्मा पक्राउ परेको भनी नेपालको संविधानको धारा १०३ को उपधारा (६) बमोजिम लेखी आएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोको प.सं. २०८०/०८१, च.नं. १२१५, मिति २०८०/४/२६ को पत्र मार्फत शैक्षिक प्रमाण पत्र कीर्ते गरेको कसूरमा पक्राउ परेका जिल्ला मोरङ क्षेत्र नं. ३ बाट नेपाली काँग्रेसका तर्फबाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुनिल कुमार शर्मालाई म्याद थप प्रयोजनको लागि काठमाडौं जिल्ला अदालतमा उपस्थित गराउँदा "प्रतिवादी सुनिल कुमार शर्मा भागी जाने सम्भावना पनि नरहेको र निजले प्रमाणको लोप वा नष्ट गर्ने अवस्थाको विद्यमानता समेत रहेको नदेखिंदा म्याद थपका लागि उपस्थित गराईएका प्रतिवादी सुनिल कुमार शर्मालाई मुद्दा अनुसन्धानका लागि प्रहरी हिरासत थुनामा नै राख्नु पर्ने अवस्थाको विद्यमानता मिसिल संलग्न कागजातबाट नदेखिंदा यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को उपदफा १ बमोजिम

तारेखमा राखी मुद्दा अनुसन्धान गर्नु" भनी हाजिर जामानीमा छाडिएको व्यहोरा लेखी आएको हुँदा सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम सदन समक्ष पेश गर्नुभयो ।

तत्पश्चात मा० शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सोही नियमको उपनियम (४) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृति भयो ।

| क्र.सं. | माननीय सदस्यको नाम, थर | मिति | वैठक संख्या | कारण |
|---|---|---|---|---|
| १. | मा० श्री दुर्लभ थापा क्षेत्री | २०८०/०२/१० देखि २०८०/०२/३२ | १६ | अस्वस्थ भएको |
| २. | मा० श्री मनोरमा शेरचन | २०८०/०१/२४ देखि २०८०/०४/२७ | ४७ | थेरापी चलिरहेको |
| ३. | मा० श्री विनोद कुमार चौधरी | २०८०/०१/२९ देखि २०८०/०२/१४ | ११ | व्यक्तिगत कामको लागि देश बाहिर |
| ४. | मा० डा० चन्द्रकान्त भण्डारी | २०८०/०१/२४ देखि २०८०/०२/०९ | १० | उपचारको लागि भारतमा |
| ५. | मा० श्री विना कुमारी थनैत | २०८०/०१/२७ देखि २०८०/०५/०१ | ४५ | अस्वस्थ भएको |
| ६. | मा० श्री वर्षमान पुन | २०८०/०१/२४ देखि २०८०/०३/०४ | २९ | अस्वस्थ भएको |
| ७. | मा० श्री आशा वि.क. | २०८०/०२/१० देखि २०८०/०२/३२ | १६ | अस्वस्थ भएको |
| ८. | मा० डा० नारायण खड्का | २०८०/०२/२१ देखि २०८०/०३/०५ | १४ | यूरोप भ्रमण |
| ९. | मा० श्री जीवन परियार | २०८०/०२/२८ देखि २०८०/०३/०६ | १० | 5th China Tibet Tourism and Culture Expo मा सहभागिता |
| १०. | मा० श्री विष्णु कुमार कार्की | २०८०/०२/२६ देखि २०८०/०४/२६ | २६ | उपचारका लागि भारतमा |
| ११. | मा० श्री धवल शम्मशेर ज.ब.रा. | २०८०/०२/२८ देखि २०८०/०३/०८ | ११ | विशेष कारण |
| १२. | मा० श्री किशोर सिंह राठौर | २०८०/०१/२४ देखि २०८०/०३/०१ | २७ | अस्वस्थ भएको |
| १३. | मा० श्री ज्ञान बहादुर शाही | २०८०/०२/३१ देखि २०८०/०३/१६ | १२ | अष्ट्रेलिया भ्रमण |
| १४. | मा० श्री सपना राजभण्डारी | २०८०/०३/०५ देखि २०८०/०३/१७ | १० | शोक परेको |
| १५. | मा० श्री चन्दा चौधरी | २०८०/०१/२४ देखि २०८०/०२/०९ | १० | विदेश भ्रमण |
| १६. | मा० श्री लाल प्रसाद साँवा लिम्बु | २०८०/०१/२४ देखि २०८०/०२/०९ | १० | विदेश भ्रमण |

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र ७ गते बिहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ६:४० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव